नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालयको

## सूचना

नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरी सो सेवाको लागि अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, निवेदकको योग्यता र अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रक्रिया देहाय बमोजिम तोकेको छ :-

(क) दूरसञ्चार सेवाको किसिमः अन्तर्राष्ट्रिय ट्रङ्क टेलिफोन सेवा ।

(ख) अनुमतिपत्र दस्तुर : रु ६,२५,००,०००।- (छ करोड पच्चीस लाख रुपैयाँ) ।

(ग) अनुमतिपत्र नवीकरण दस्तुर : रु ५,६२,५०,०००।- (पाँच करोड बैसठ्ठी लाख पचास हजार रुपैयाँ) ।

(घ) निवेदकको योग्यता : नेपाल दूरसञ्चार प्राधिकरणवाट आधारभूत दूरसञ्चार सेवा (Basic Telecommunications Service) वा मोवाइल टेलिफोन सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त गरी कम्तीमा एक लाख लाइन टेलिफोन सञ्चालन गरेको ।

(ङ) अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रक्रिया : खण्ड (क) मा उल्लिखित दूरसञ्चार सेवा सञ्चालनका लागि अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिवाट नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्रको लागि निवेदन दिने म्याद तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

आज्ञाले,<br>
(शंकर प्रसाद कोइराला)<br>
नेपाल सरकारको का.मु. सचिव